# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ६२**
**(मिति: २०७८/०४/२५)**

विषय:-

१. भू.पू. गोर्खा सैनिकका समस्या सम्बन्धमा।

२. विविध।

## छलफल तथा निर्णय:-

समितिको आजको बैठकमा भू. पू. गोर्खा सैनिकका समस्या एवं विविध विषयका सम्बन्धमा छलफल भयो। सो क्रममा समितिका माननीय सदस्यहरुले आफ्ना विभिन्न राय, सुझाव एवं धारणाहरु व्यक्त गर्नुभयो।

यसअघि यस समितिले भू. पू. गोर्खा सैनिकका समस्या सम्बन्धमा संघर्षरत संगठनहरुका मागहरु सम्बोधन गर्ने सन्दर्भमा समितिमा विस्तृत छलफल गरी कार्यदल समेत गठन गरेर अध्ययन गरिसकेपछि मिति २०७५/१२/०१ गते बसेको समितिको बैठकले नेपाल सरकार र परराष्ट्र मन्त्रालयलाई " भूतपूर्व गोर्खा सैनिकका समस्या सम्बोधन सम्बन्धी प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको प्रतिवेदन, २०७५" मार्फत विभिन्न सुझाव एवं निर्देशनहरु दिएकोमा उक्त प्रतिवेदनको बुँदा नं. ६.५.२ मा नेपाल सरकारको तर्फबाट ब्रिटिश सरकारसँग वार्ता गर्न परराष्ट्र मन्त्रीको नेतृत्वमा प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिका माननीय सदस्यहरु, भूतपूर्व गोर्खाका प्रतिनिधिहरु एवं सम्बन्धित विषयका विज्ञहरु समेत रहने गरी एक उच्चस्तरीय समिति गठन गर्ने भन्ने निर्देशन रहेको छ।

हाल आफ्नो ज्यानको बाजी थापेर भू. पू. गोर्खाहरुका मागहरु पूरा गराउनका लागि **गोर्खा सत्याग्रह संयुक्त संघर्ष समिति**को आव्हानमा १७ दिने रिले अनसन बसिसकेपछि २०७८/०४/२४ शनिबारका दिन देखि शुरु गरेको आमरण अनसनको गाम्भीर्यतालाई ध्यानमा राखी समितिको उपरोक्त प्रतिवेदनमा रहेको बुँदा नं. ६.५.२ को निर्देशनात्मक सिफारिस अनुरुप उच्चस्तरिय वार्ता समिति गठन गरी बेलायत सरकारसँग अविलम्ब वार्ता थाल्न यो समिति सुझाव सहित निर्देशन गर्दछ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।